annapurnapost.com
अन्नपूर्ण पोस्ट
वर्ष २४, अंक २० पृष्ठ १० | काठमाडौं, मंगलबार ६ जेठ २०८२ | जेष्ठ कृष्णपक्ष अष्टमी नेपाल संवत् ११४५ | TUESDAY, MAY 20, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी




# हुलाकी राजमार्गका ज्यानमारा पुलहरू

तराई-मधेसको लाइफलाइन मानिने हुलाकी राजमार्ग अन्तर्गतका पुलहरू करिब १५ वर्षदेखि निर्माणाधीन अवस्थामै छन् । यसले त्यहाँका स्थानीयलाई आवतजावतमा सास्ती मात्रै दिएको छैन, उनीहरूले आफ्नो ज्यान नै जोखिममा पार्नुपर्ने अवस्था आएको छ । राजमार्ग अन्तर्गतका चालु आर्थिक वर्षसम्म १४२ वटा पुल निर्माण सम्पन्न भएका छन् भने ५५ पुल निर्माणाधीन अवस्थामा छन् । ५३ पुलको ठेक्का व्यवस्थापन गर्न बाँकी छ । यसका अतिरिक्त जीर्ण र सिंगल लेनका ५० पुलको स्तरोन्नति कार्यसमेत बाँकी छ ।

**मनिका झा** | *जनकपुरधाम*

**- को रिपोर्ट**

समाचार पृष्ठ २








**आरोही फुर्वा तेन्जिङ शेर्पा र राज गुरुङ (दायाँ) सगरमाथाको चुचुरोमा अन्नपूर्ण मिडिया नेटवर्कको लोगो फहराउँदै । आरोहीद्वयले आइतबार बिहान १० बजे सगरमाथाको सफल आरोहण गरेका हुन् । दोलखा रोल्वालिङका कीर्तिमानी आरोही फुर्वाको यो १७औं सगरमाथा आरोहण हो । स्याङ्जाका स्थायी बासिन्दा राज सगरमाथा आरोहण गर्ने पहिलो हङकङेली नेपाली बनेका छन् ।** ● तस्बिर सौजन्य : राइज मिडिया नेटवर्क

## एकै परिवारका ६ जनाले गरे मकालु आरोहण

**अनिष विष्ट** | *खाँदबारी*

संखुवासभाको मकालु गाउँपालिका-२ का एकै पटक एउटै परिवारका ६ जनाले मकालु हिमालको आरोहण गरेका छन्। एकै परिवारका ४ दाजुभाइ र एक बहिनी तथा तीन दाजुभाइमध्ये एकका छोरीसहितले विश्वको पाँचौं अग्लो मकालु हिमाल (८,४८५मिटर) आरोहण गरेका हुन्।



विश्व कीर्तिमानका लागि मकालु-२ का डिन्मा ओङ्जुक शेर्पाका ४ छोरा १ छोरीले गत वैशाख २६ मा मकालु हिमाल आरोहण गरेको आरोही दलका सदस्य मुक्टुक लाक्पा शेर्पाले बताए। मुक्टुकले भने, 'मसहित तीन भाइ, एक बहिनीले एकै परिवारका पाँचजना आरोहणमा विश्व कीर्तिमान राख्न मकालु आरोहण गरेका हौं।' एकै परिवारको कीर्तिमानीका लागि मुक्कुट, उनका भाइहरू डिन्मा दोर्ची शेर्पा, आङ डी शेर्पा, पेछुम्बे शेर्पा र बहिनी पासाङ शेर्पाले एक साथ आरोहण गरेका हुन्।

मकालु हिमालमा एउटै बाबुका पाँच छोराछोरीले आरोहण गरेर कीर्तिमान राख्ने आफ्नो परिवार पहिलो भएको बहिनी पासाङ याङ्जीले दाबी गरिन्। उने भनिन्, 'हामी विश्व कीर्तिमान लेखाउने प्रक्रियामा रहेका छौं।' मकालु हिमालको प्रचारप्रसार गरी पर्यटक भित्र्याउन एकै परवारका ५ जनाले एकै पटक मकालु आरोहण गरेको उनले बताइन्।

यसअघि उनैका चार दाजुभाइले विश्वको दोस्रो अग्लो पाकिस्तानको केटु हिमाल (८,६११मिटर) एक साथ आरोहण गरिसकेका छन्। एकै परिवारका चार दाजुभाइले एकै पटक आरोहण गरी कीर्तिमान राखेका थिए।


» बाँकी पृष्ठ ६

## पूर्वराष्ट्रपति भण्डारी चीन भ्रमणमा जाँदै



**काठमाडौं** (अन्नपूर्ण) : पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी चीन भ्रमणमा जाने भएकी छन्। चिनियाँ कम्युनिस्ट पार्टी र चीन सरकारको निमन्त्रणामा पूर्वराष्ट्रपति भण्डारी जेठ १० गते बेइजिङ प्रस्थान गर्ने भएकी हुन्।

पूर्वराष्ट्रपतिको सचिवालयका अनुसार उनले चीनमा उच्चस्तरीय राजनीतिक भेटवार्ता र मानसरोवर यात्रा गर्ने छिन्। एक साता लामो भ्रमणले दुई देशबीचको सांस्कृतिक र राजनीतिक सम्बन्धमा थप योगदान पुग्ने अपेक्षा गरिएको छ।




### गेटा अस्पताल उपकरण खरिद प्रकरण

## अख्तियार र सतर्कता केन्द्रले थाले अनुसन्धान

समाचार प्रभाव

**शिवराज भट्ट** | *धनगढी*



कैलालीको गेटा अस्पतालमा उपकरण खरिदमा भएको भ्रष्टाचारको अख्तियार दुरुपयोग अनुसन्धान आयोग र प्रधानमन्त्री मातहत रहेको राष्ट्रिय सतर्कता केन्द्रले छानबिन सुरु गरेको छ।

अन्नपूर्ण पोस्ट्ले वैशाख १७ गते 'गेटा अस्पतालका उपकरण किन्दा भ्रष्टाचारै भ्रष्टाचार' शीर्षकको कभर स्टोरी प्रकाशित गरेको थियो। समाचारकै आधारमा राष्ट्रिय सतकर्ता केन्द्रले अनुसन्धान सुरु गरेको हो। राष्ट्रिय सतर्कता केन्द्रले जेठ १ गते गेटा अस्पताललाई पत्र काटेर चैतको ३१ गतेदेखि वैशाखसम्म उपकरण खरिदका लागि प्रकाशित १७ वटा बोलपत्रका सबै कागजात बुझाउन निर्देशन दिएको छ।

राष्ट्रिय सतर्कता केन्द्रले गेटा अस्पताललाई १५ दिनभित्र १७ वटै बोलपत्रमार्फत खरिद गरिएको उपकरणहरूको सूची, बजेटको स्थिति, स्पेसिफिकेसन स्वीकृतिको निर्णयसहितका काजगात बुझाउन निर्देशन दिएको छ। राष्ट्रिय सतर्कता केन्द्रले २०८२ सालको जेठ १ गते पठाएको पत्रमा यस्तो भनिएको छ।

'गेटा अस्पताल कैलालीको मिति २०८१/१२/३१ र २०८२/०१/०२ गते विभिन्न १७ वटा उपकरण खरिदका लागि गरिएको टेन्डरमा मिलेमतो गरी एउटा मात्र सप्लायर्सलाई लाभ पुग्ने गरी आह्वान गरिएको र सोबाट राज्यलाई करोडौं नोक्सानी हुने कार्य गरिएकाले छानबिन गरी पाउँ भनी उजुरी परेकाले उपकरणहरू खरिदको सूची, बोलपत्र आह्वानको सूचना, स्पेसिफिकेसन तयार तथा स्वीकृतसम्बन्धी निर्णय, सोका लागि बजेट विनियोजनको स्थिति, तथा अस्पतालमा कार्यरत बायोमेडिकल इन्जिनियरहरूको विवरण १५ दिनभित्र यस केन्द्रमा उपलब्ध गराई दिन हुन यस केन्द्रको उजुरी व्यवस्थापन समितिको २०८२/०१/३० को निर्णयानुसार अनुरोध छ।'

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि उपकरण खरिदमा भएको अनियमितताको छानबिन सुरु गरेको जनाएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कञ्चनपुर कार्यालयले गेटा अस्पतालको उपकरण खरिदका बारेमा अनुसन्धान अधिकृत तोकेर अनुसन्धान सुरु भएको जनाएको छ।

अख्तियारका कञ्चनपुर कार्यालय प्रमुख वेदप्रसाद भण्डारीले भने, 'गेटा अस्पतालमा १७ वटा टेन्डरमा भएको अनियमितताको छानबिन सुरु भइसकेको छ। अनुसन्धान अधिकृत तोकेर अनुसन्धान सुरु गरेका छौं। अनुसन्धान अधिकृत र अरु धेरै कुरा भन्न मिल्दैन', अख्तियार दुरुपयोग अनुसन्धान आयोजका कञ्चनपुर कार्यालय प्रमुख भण्डारीले भने। उनले पत्रिकामा आएका समाचारका आधारमा पनि अख्तियारले उजुरी सरह नै छानबिन गर्ने बताए। 'पत्रपत्रिकामा आएको समाचार पनि हाम्रा लागि उजुरी जस्तै हो। अन्नपूर्ण पोस्टमा आएको समाचारपछि छानबिन सुरु गरिएको छ', उनले भने।

» बाँकी पृष्ठ ६